श्री

# कन्चनपुर जिल्ला अदालत

## कन्चनपुर

फोन नं.: ०९९-५२१२८६
इमेल info.dckanchanpur@supremecourt.gov.np

प.सं.:०७७/०७८
च.नं.: ७८

फैसला कार्यान्वयन शाखा

मिति २०७७।०५।२१

विषयः- लिलाम बढाबढ सम्बन्धी सूचना वेबसाइटमा अपलोड गरिदिने सम्बन्धमा।

श्री सर्वोच्च अदालत
सूचना प्रविधि महाशाखा
रामशाहपथ, काठमाण्डौं।

प्रस्तुत विषयमा यस अदालतबाट प्रकाशित भएको दशीका कारहरू तथा मोटरसाइकलहरू लिलाम बढाबढद्वारा बिक्री गरिने सम्बन्धी सूचना पाना ६ (छ) यसै पत्रसाथ संलग्न गरी पठाइएको छ, प्राप्त भएपछि सम्मानित अदालतको वेबसाइटमा अपलोड गरिदिनु हुन सादर अनुरोध छ।

(महिमानसिंह बिष्ट)
तहशीलदार शाखा अधिकृत

तहसिलदार
शा.अ.

श्री

कन्चनपुर जिल्ला अदालत

फैसला कार्यान्वयन शाखाबाट जारी

दशीका कारहरू तथा मोटरसाइकलहरू डाँक लिलाम बढाबढद्वारा बिक्री गर्ने सम्बन्धी जरूरी सूचनाः-

सूचना प्रकाशन लागू हुने मिति २०७७।०५।२२

यस अदालतमा बिभिन्न मुद्दाहरूमा दशी स्वरूप दाखिला हुन आएका जिन्सीमा आम्दानी बाँधिएका निम्न लिखित दशीका कारहरू तथा मोटरसाइकलहरू जे जस्तो अवस्थामा छन् सोही अवस्थामा जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम समेत सीलबन्दी डाँक लिलाम बढाबढद्वारा एकमुष्ट बिक्री गरिने भएकोले यस अदालतको मिति २०७७।०५।०९ को निर्णय र मिति २०७७।०५।१९ गते बसेको मूल्यांकन समितिको निर्णयानुसार सीलबन्दी डाँक लिलाम बढाबढमा सहभागी हुन चाहने व्यक्ति वा संस्थाले मिति २०७७।०५।२२ गते देखि मिति २०७७।०६।११ गतेसम्म यस अदालतबाट जारी गरिएको दरखास्त निवेदन लिई (रू.२,०००/- फिर्ता नहुने) दर्ता गरी आफूले बोलकबूल गरेको रकमको १०% रकम श्री कोष तथा लेखा नियन्त्रक कार्यालय कन्चनपुरको राष्ट्रिय वाणिज्य बैंक महेन्द्रनगर शाखाको धरौटी खाता नं. ४१८०१००१०२०३०००० र यस अदालतको कोड नं २०४९७७६०१ मा जम्मा गरेको सक्कलै भौचर पेश गरेका व्यक्ति वा संस्थालाई मात्र मिति २०७७।०६।१४ गते सीलबन्दी डाँक लिलाम बढाबढमा सहभागी गराइने भएकोले लिलाम सकार गर्न इच्छुक नेपाली नागरिक तथा फर्महरूवाट सीलबन्दी डाँक लिलाम बढाबढको लागि आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छः-

| सिं. नं. | जिन्सी नं. | आदेश मिति | बादी | प्रतिवादी | मुद्दा | मोटरसाइकल नं. | मूल्यांकन समिति र प्राविधिक समेतले तोकेको न्यूनतम मूल्य रू. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|

तहसिलदार

भा.अ

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| [illegible] | ४३६ | २०६६/०१/०३ | स.प्र.नि.हंस वहादुर रोकायाको जाहेरीले नेपाल सरकार | भारत उधय सिंह नगर जिल्ला नगर ग्राम पंचायत नगरा तराई वस्ने ठगु सिंह राना जि. कं. चांदनी ७ वस्ने राजेन्द्र पुजारा | लागू औषध चरेस (स.फौ.नं. ०२७-११२) | UP04B९१९७ नं.को Suzuki मोटरसाइकल | ५,०००/- (पाँच हजार) | (दर्ता हुन नसक्ने) |
| २. | ५५० | २०६८/२/१७ | प्र.ना.नि. लोकेन्द्र पुजाराको जाहेरीले नेपाल सरकार | भारत फिरोजाबाद उत्तर प्रदेश वस्ने रोहित पालिवाल अग्रवाल | लागु औषध खैरो हिरोइन (६७-CR-००८५ ) | UP८३N४२७९ नं.को होन्डा सी.टी. जेडएक्स कालो रङको कार। | ५,५०,०००/- (पाँच लाख पचास हजार) | (प्रचलित कानून बमोजिम दर्ता गर्न सकिने) |
| ३. | ५८७ | २०७२/६/२० | प्र.नि.कर्ण वहादुर बमको जाहेरीले नेपाल सरकार | जि.कं.भि.न.पा.४ वस्ने हरिश प्वाली बोगटी समेत | लागु औषध फेनरागन समेत (७२-CR-००४५) | म.१प. ३६६५ नं.को डिस्कभर मोटर साइकल | ३०,०००/- (तीस हजार) | (प्रचलित कानून बमोजिम दर्ता गर्न सकिने) |
| ४. | ६०५ | २०७२/०९/२० | इन्द्र सिंह कार्की को जाहेरीले नेपाल सरकार | जि.कं.भि.न.पा.वाड नं.७ बस्ने अनिल बोहरा समेत | मोटरसाइकल चोरी (७२-CR-०१३१) | DL ७५AJ८०८६ नं.कोग्ल्यामर | १०,०००/- (दश हजार) | (दर्ता हुन नसक्ने च्यासीस नं. कोरिएको) |
| ५. | ६६७ | २०७४/१/१४ | प्रकाश नाथको जाहेरीले वादी नेपाल सरकार | जि.कं. भीमदत्त न.पा. वा.न.१८ वस्ने ओम प्रकाश गिरी | मोटर साइकल चोरी ७३-CR-०१४५ | UA०६E७६९२ नं. रातो सी.मि.डिलक्स मोटरसाइकल गौतमसिंह हवल्दारको नाउँमा दर्ता। | १३,०००/- (तेह हजार) | (दर्ता गर्न नसकिने) |

कञ्चनपुर जिल्ला प्रशासन

सहसिन्स्पद्द
प्रा.अ.

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| [illegible]. | ७०७ | २०७४/०२/३१ | परिवर्तित ७५ड कुमारीको जाहेरीले वादी नेपाल सरकार | जि.कं. पुनर्वास न.पा. २ बस्ने सञ्जय भन्ने तिलु सार्की समेत | मानव बेचबिखन ओसार पसार ७३-CR-०१७९ | म.१ प. ४०४८ नं. को मो. सा.तिलु सार्कीको नाउँमा दर्ता। | ३५,०००/- (पैंतीस हजार) | (प्रचलित कानून बमोजिम दर्ता गर्न सकिने) |
| ७. | | | नेपाल सरकार | ओमप्रकाश शर्मा समेत | डाँका | सी.एच.के.८२५ ५सेतो कार | १०,०००/- (दश हजार) | (दर्ता गर्न नसकिने) |
| ८. | ८७६ | २०७६/९/८ | प्र.स.नी. उद्धव बुढाऐर समेतको जाहेरीले वादी नेपाल सरकार | जि.कं.ध.उ.म.न.पा.वा. नं१ बस्ने अर्जुन वि.क. समेत | लागु औषध Nitrovat १० समेत २०७६-C१-०१५२ | से.६प. २३१६ नं. को मोटर साइकल थान-१ | १,५९,९९५/- (एक लाख उनन्साठी हजार नौ सय पन्चानब्बे) | (प्रचलित कानून बमोजिम दर्ता गर्न सकिने) |
| ९. | ८९४ | २०७६।११।१४ | रुपाल डगौराको जाहेरीले नेपाल सरकार | जि.कं.शुक्लाफाँटा न.पा. वडा नं. १ बस्ने खगेन्द्र राना समेत | चोरी (मोटर साइकल) (०७६-C१-०२२४) | म.१प.४८९४ नं.को मोटर साइकल | ४०,०००/- (चालीस हजार) | (प्रचलित कानून बमोजिम दर्ता गर्न सकिने) |
| १०. | ७४८ | २०७५/२/४ | प्र.ना.नि.धनजन्य मल्लसमेतकोप्रतिवेदनकोजाहेरीले वादी नेपाल सरकार | जि.कं.शुक्ला फाँटा न.पा.वान.नं.८ बस्ने जय बहादुर जप्रेल | लागू औषध चरेश ०७४-CR-०१६७ | से.२ प. ८०१६ नं. को मो.सा. | १५,०००/- (पन्ध्र हजार) | (दर्ता गर्न नसकिने) |
| ११. | ७९४ | २०७६।१०।२३ | प्र.ना.नि.समुन्द्र केशर पन्तको जाहेरीले वादी नेपाल सरकार | जि.कं. पुनर्वास न.पा. ११ बस्ने जय राज भट्ट समेत | ला.औ. खैरो हिरोईन (०७५-C१-०१९५) | UP31AV9108 नं.को मोटर साइकल | १०,०००/- (दश हजार) | (दर्ता गर्न नसकिने) |
| १२. | ७९७ | २०७६/ | प्रेमेश्वर बडायकको | जि.कं. कृष्णपुर ७ | ज्यान सम्बन्धी | से.६प.६४३६ | १,००,०००/- | (प्रचलित कानून बमोजिम |

तहसिलदार
भ.अ.

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १/३१ | जाहेरीले वादी नेपाल सरकार | बस्ने अयोध्या राना ५ जना | कसुर ०७५-C१-०१९८ | नं. को स्पेन्डर मो.सा. | (एक लाख) | दर्ता गर्न सकिने) |
| १३. | ७९८ | २०७६/२/२ | महेश सिंहको जाहेरीले वादी नेपाल सरकार | जि.कं.भीमदत्त न.पा.वा. १८ बस्ने गौरी लाल जोशी | सवारी अंगभंग ०७५-C१-०२०० | म.२प.३७८ नं. मो. सा. | ७५,०००/- (पचहत्तर हजार) | (प्रचलित कानून वमोजिम दर्ता गर्न सकिने) |
| १४. | ८२९ | २०७६/४/२२ | एम. पी. सिंहको जाहेरीले वादी नेपाल सरकार | जि.कं. वेलौरी न.पा.वडा नं. ८ बस्ने सुरज राना समेत | चोरी ०७६-C१-००१५ | UP २६४५२१६ नं. को सुपर स्पेलेण्डर मो. सा. | ८६,५००/- (छयासी हजार पाँच सय) | (प्रचलित कानून वमोजिम दर्ता गर्न सकिने) |
| १५. | ८६७ | २०७६/८/१७ | प्र.स.नी.दानबहादुर साउँदको जाहेरीले वादी नेपाल सरकार | जि.क. पुनर्वास ३ बस्ने सागर लामिछाने वि. क. | लागु औषध खैरो हिरोइन २०७६-C१-०१२९ | से.४प.३६५९ नं. को मो.सा. | १०,०००/- (दश हजार) | (दर्ता हुन नसक्ने) |
| १६. | ८६८ | २०७६/८/८ | प्र.ना.नि.गणेश सिंह वडालको जाहेरीले वादी नेपाल सरकार | जि. कं. वेलडाडीफ गा.पा. वाड नं. १ बस्ने रोहित भण्डारी समेत | ला.औ. नाइट्रभेट २०७६-C१-०११२ | म.२प.३२०१नं. को मो.सा. | ६०,०००/- (साठी हजार) | (प्रचलित कानून वमोजिम दर्ता गर्न सकिने) |
| १७. | ८७५ | २०७६/९/८ | विशन दत्त पन्तको जाहेरीले वादी नेपाल सरकार | जि.कं.भीमदत्त न.पा. वाड नं. ७ बस्ने मनिस नाथ समेत ४ | कर्तबय ज्यान २०७६-C१-०१४९ | से.१प.३७७८नं को मो.सा. | १०,०००/- (दश हजार) | (दर्ता गर्न नसकिने) |
| | | | मूल्यांकन समिति र प्राविधिकले समेत तोकेको जम्मा न्यूनतम मूल्य रू. | | | | १२,१९,४९५/- | ------ |

(जम्मा न्यूनतम मूल्य बाह्र लाख उन्नाइस हजार चार सय पन्च्यानब्बे रूपैयाँ मात्र) क्रमशः अर्को पानामा-

तहसिलदार

१. सीलबन्दी डाँक लिलाम बढाबढमा सहभागी हुन चाहने व्यक्ति वा संस्था वा फर्मले मिति २०७७।०६।११ गतेसम्म नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र संस्था वा फर्मले कर चुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि बोलकबूल अंकको १०% रकम दाखिला गरेको भौचर समेत साथैराखी व्यक्तिको हकमा स्वयं र संस्था वा फर्मको हकमा आधिकारिक व्यक्तिबाट शीलबन्दी डाँक लिलाम फाराम दस्तुर यस अदालतबाट जारी निवेदन भरी (निवेदन दस्तुर रू.२,०००/- फिर्ता नहुनेगरी) यस अदालतको फैसला कार्यान्वयन शाखामा बुझाउनु पर्नेछ।

२. सीलबन्दी लिलाम बढाबढको डाँक निवेदन मिति २०७७।०५।२२ देखि मिति २०७७।०६।११ गतेसम्म दर्ता नगराई माथि उल्लिखित मिति २०७७।०६।१४ गते दिनको २.०० बजे उपस्थित हुने व्यक्ति वा संस्था लाई डाँक लिलाम बढाबढमा सहभागी गराइने छैन।

३. सीलबन्दी डाँक लिलाम बढाबढमा आफूले बोलकबूल गरेको अंकको १०%ले हुने रकम श्री कोष तथा लेखा नियन्त्रक कार्यालय कन्चनपुरको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय महेन्द्रनगरमा रहेको धरौटी खाता नं. ४१८०१००१०२०३०००० र यस अदालतको कोड नं. २०४९७७६०१ मा जम्मा गरेको सक्कलै बैंक भौचर अनिवार्य रूपमा पेश गर्नुपर्नेछ। सीलबन्दी डाँक लिलाम सम्पन्न हुँदा सबभन्दा बढी अंक बोलकबूल गर्ने व्यक्ति वा संस्थाको बाहेक अरूको धरौटी रकम नियमानुसार (व्यक्तिको हकमा नेपाली नागरिकताको सक्कल प्रमाणपत्र हेरी र संस्थाको हकमा आवश्यक प्रमाण कागजात हेरी) फिर्ता गरिने छ।

४. सीलबन्दी डाँक लिलाम बढाबढ निवेदन दर्ता गराउने व्यक्ति वा संस्थाले मिति २०७७।०६।१४ गते दिनको २.०० बजेसम्म सम्पन्न हुने सीलबन्दी डाँक लिलाम बढाबढ कार्यमा स्वयं उपस्थित हुनुपर्ने छ, निवेदन दर्ता गराई सो मिति र समय भित्र उपस्थित नहुने निवेदन दर्तावालालाई कुनै मौका प्रदान गरिने छैन,

तहसिलदार
शा.अ.

सो दिन कुनै सार्वजनिक बिदा परेमा सो सार्बजनिक बिदा सकिएको भोलिपल्ट माथिकै प्रकृया बमोजिम लिलाम बढाबढ कार्य सम्पन्न गरिनेछ।

५. सीलबन्दी डाँक लिलाम बढाबढ यस अदालतबाट स्वीकृत भै सकार गरिलिने व्यक्ति वा संस्थाले ७ (सात) दिन भित्र आफूले बोलकबूल गरेको मूल्यको १३% ले हुने मूल्य अभिबृद्धि कर समेत जोडी हुन आउने एकमुष्ट रकम माथि उल्लिखित धरौटी खातामा दाखिला गरेको बैंक भौचर पेशगरी लिलामी हुने कारहरू, मोटरसाइकलहरू जे जुन अवस्थामा छन् सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्नेछ, अन्यथा मनासिब माफिकको कारण बाहेक बोलकबूलको १०% ले हुन आउने धरौटी रकम कानून बमोजिम जफत हुनेछ।

६. सीलबन्दी डाँक लिलाम बढाबढ हुने सवारी साधनहरू हेर्न चाहेमा वा यस सम्बन्धमा थपकुरा बुझ्नुपर्ने भए अड्डा समय भित्र विहान १०.०० बजे देखि बेलुका ५.०० बजे सम्म यस अदालतको फैसला कार्यान्वयन शाखामा सम्पर्क गर्न सकिनेछ।

७. सीलबन्दी डाँक लिलाम बढाबढ सम्बन्धी सम्पूर्ण अधिकार यस अदालतमा रहने छ।

८. लिलाम बढाबढबाट बिक्री भएका सवारी साधनहरूको पुनः दर्ता प्रकृयामा कानून बमोजिम सहजीकरण गरिने छ।

(महिमानसिंह विष्ट)
तहशीलदार शाखा अधिकृत

इति संवत् २०७७ साल भदौ महीना २१ गते रोज १ शुभम्...............।